एकाइ (1) सामाजिक पहिचान र विविधता
वर्ग र सामाजिक रुपान्तरण



अभ्यास

क) समाजमा वर्ग निर्माण किन हुन्छ ?
→ सांस्कृतिक, धार्मिक र मूलत: आर्थिक पक्षमा देखिएको विविधताका कारण समाजमा वर्गको निर्माण हुन्छ। त्यसैगरी स्रोतसाधनको पहुँच र अभाव र शक्ति र प्रतिष्ठाको भिन्नताका कारण पनि वर्गको स्थापना हुन्छ।

ख) वर्गीय विभाजनले निम्त्याउने समस्याहरू औंल्याउनुहोस्।
→ विशेषगरी आर्थिक अवस्थालाई आधार मानेर समाजमा उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्ग गरी तीन वर्ग रहेको पाइन्छ। कृषि र उद्योगको विकाससँगै समाजमा धनी र गरिब, सम्पत्ति भएका र नभएका, शोषक र शोषित वर्गमा विभाजित भयो। परिणामस्वरूप यसरी स्थापना भएको वर्गीय विभाजनका कारण निम्न प्रकारका समस्याहरू निम्तिन सक्छन् ÷

- राज्यबाट वितरण सेवासुविधा र स्रोतसाधनको समतामूलक वितरण हुन सक्दैन।
- सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक विविधता हुनु।
- तल्लो वर्गका मानिसहरू समाजमा हेपिनु, शोषण तथा दमनको सिकार हुनु।
- समाजमा गरिबीको रेखामुनि रहेका व्यक्तिहरूको सङ्ख्यामा वृद्धि हुन्छ र द्वन्द्वको अवस्था पनि सिर्जना हुन्छ।
- विभिन्न विकासका योजनाहरूमा सबै नागरिकको सहभागिता समान रूपमा हुन सक्दैन र अपेक्षित परिणाम प्राप्त हुँदैन।

ग.) सामाजिक रुपान्तरणका उपायहरू बुँदागत रूपमा लेख्नुहोस्।
→ पछाडि परेका वा पारिएका वर्ग वा निम्न वर्गको उत्थान गरी समाजमा अरूसरह समान ~~ससम्मान~~ सामान्य जीवनयापन गर्न सक्ने अवस्थामा पुर्‍याउनु सामाजिक रुपान्तरण हो। सामाजिक रुपान्तरणका उपायहरू निम्न रहेका छन् ÷

- समावेशीकरणको सिद्धान्त अनुसार पछाडि पारिएका वर्गहरूलाई राज्यको मूलधारमा समावेश गर्नुपर्छ।
- सामाजिक एकता र सद्भावलाई हानि गर्ने हरेक किसिमका कुरीति र ~~विसि~~ विसङ्गतिलाई हटाउन जरुरी छ।

- देशमा रोजगारीको सिर्जना, शिक्षा र व्यवसायिक सिप प्रदान, पुँजी र अवसरको सहज उपलब्धता जस्ता उपायहरू पनि अवलम्बन गर्न सकिन्छ।
- सबै जाति, वर्ग, लिङ्ग र समुदायको समान सहभागिता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ। (योजना, नीतिहरू बनाउँदा कुनै जाति, वर्गलाई छुटाउनु हुँदैन)

Rx
- ~~सबै नागरिकलाई~~ समानता, मानवअधिकार र सामाजिक न्याय सुनिश्चित गर्ने कानुनको कडाइका साथ कार्यान्वयन गर्नुपर्छ।

घ.) नेपालको सामाजिक रूपान्तरणको अवस्थाको चर्चा गर्दै साथीलाई पठाउने पत्रको नमुना तयार पार्नुहोस्।

मिति: २०८२/०१/२२

→ प्रिय स्मिता,

म यता आरामै छु र तिमी पनि त्यहाँ कुशलमंगल नै छौ होला भन्ने आशा गर्दछु। यस पत्रमार्फत तिमीले बुझ्न खोजेको विषय, नेपालको सामाजिक रूपान्तरणको अवस्थाबारे मैले जानेको र बुझेको कुराहरू वर्णन गर्दैछु।

समाजमा विभिन्न कारणले गर्दा वर्गको स्थापना भयो ~~भएको~~ हुन्छ र पछि समयको अन्तरालसँगै ती वर्गका मानिसहरूमा विभेदको सिर्जना हुन थाल्यो। परिणामस्वरूप समाजमा असमानता, अन्याय, शोषणजस्ता क्रियाकलापहरू बढ्न थालेका थिए। त्यसरी पछाडि पारिएका निम्न वर्गको उत्थानको लागि भन्दै नै नेपालमा सामाजिक रूपान्तरणको अवधारणा भित्रिएको थियो। वर्तमान समयमा नेपालमा सामाजिक रूपान्तरणको अवस्थामा विभिन्न सुधारात्मक परिवर्तन देख्न सकिन्छ। पछिल्लो समयमा देखा परेको शिक्षा तथा चेतनाको विकास, राजनीतिक जागरण र संवैधानिक एवम् कानुनी व्यवस्थामा भएको आधुनिकीकरणले गर्दा नै सामाजिक रूपान्तरणको स्तरमा वृद्धि भएको छ। समावेशी सिद्धान्तअनुसार राज्यका सबै ~~क्षेत्र~~ क्षेत्रमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, मधेशी, अल्पसङ्ख्यक जाति जनजातिहरूको लागि विशेष सुविधा र आरक्षणको व्यवस्था गरिएको छ। लक्षित वर्ग तोकी तिनको उत्थानका लागि जनचेतनामूलक एवम् आर्थिक कार्यक्रमहरू सञ्चालन भएका छन्। अतः सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने पनि उल्लेखनीय प्रयासहरू भएका छन्। यसरी बिस्तारै नेपालमा सामाजिक रूपान्तरणको अवस्थामा परिवर्तनका किरणहरू देखिँदै छन् र यो सबैका लागि एकदमै खुसीको विषय पनि हो।

अहिलेलाई चाहिँ यति जानकारीमा नै यो पत्रमा पूर्ण विराम लगाउँछु। अरू कुरा फेरि अर्को पटक गरौँला।

तिम्री साथी,
सन्ध्या खतिवडा

ङ.) किन सामाजिक आधारलाई वर्ग विभाजनको मुख्य आधार मानिन्छ?

→ मानिसको व्यक्तित्व र जीवनशैलीलाई उसको सामाजिक अवस्थाले नै निर्धारण गरेको हुन्छ। समाजमा ~~व्यक्तिको~~ व्यक्तिको व्यवहार रहनसहन, पद र उसले अनुसरण गर्ने परम्परा र संस्कृतिले नै मानवको चरित्रको वर्णन गर्दछ। साथै सामाजिक पक्षसँग सांस्कृतिक, आर्थिक, जातीय पहिचान र पदीय स्तर जोडिने भएकाले सबै विषयलाई सामाजिक आधारमार्फत बुझ्न र विश्लेषण गर्न सहज हुन्छ। तसर्थ बहुआयामिक सामाजिक आधारलाई वर्ग विभाजनको मुख्य आधार मानिन्छ।

→ "सामाजिक आधार वर्ग विभाजनको आधार हो" किनभने समान जाति, धर्म, संस्कृति, पद, सामाजिक स्तर भएकाहरूको एक वर्ग हुन्छ र फरक स्तर भएकाहरूको अर्को वर्ग निर्माण हुन्छ। समाजमा उच्च वर्ग भनिनेले कमजोर वर्गलाई हेप्ने, शोषण गर्ने, विभेद गर्ने जस्ता व्यवहारहरू गर्छन्। तल्लो वर्ग र उच्च वर्गबिच द्वन्द्व चलिरहन्छ। यसले अवसर र अधिकारमा फरक पार्छ, त्यसैले समाजमा वर्ग बनिन्छ।

# (२) लैङ्गिक सवाल

अभ्यास

क.) लिङ्ग भनेको के हो?

→ लिङ्ग भनेको महिला र पुरुषको विषयमा प्रकृतिले गरेको भेद हो। लिङ्गले जैविक भिन्नतालाई जनाउँछ।

ख.) प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गबिचको भिन्नता उल्लेख गर्नुहोस।

→ प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गबिचको भिन्नता यसप्रकार रहेका छन:

प्राकृतिक लिङ्ग

- शारीरिक बनावटको आधारमा मानिसलाई छुट्याउने माध्यम प्राकृतिक लिङ्ग हो।
- यो प्राकृतिक भिन्नता हो।
- यसरी मानिसलाई जैविक बनावटका आधारमा महिला र पुरुष गरी छुट्याउनु नै प्राकृतिक लिङ्ग हो।

सामाजिक लिङ्ग

- महिला र पुरुष बीचमा रहेको सामाजिक अवस्था र भिन्नताहरुमा समाजले तोकिदिएको महिला र पुरुषको फरकफरक भूमिका नै सामाजिक लिङ्ग हो।
- यो समाजमा प्रदर्शित हुने व्यवहारजन्य विशेषता वा आचरणका आधारमा समाजले प्रदान गरेको भिन्नता हो।
- यसरी समाजद्वारा तयार पारिएको लैङ्गिक विभेद नै सामाजिक लिङ्ग हो।

ग) बेइजिङ घोषणापत्रमा उल्लिखित महिला सरोकारका क्षेत्र उल्लेख गर्नुहोस।

→ बेइजिङ घोषणापत्रमा ~~अ~~ उल्लेखित महिला सरोकारका क्षेत्र निम्नानुसार रहेका छन:

- महिला र गरिबी
- महिला शिक्षादीक्षा
- महिला र स्वास्थ्य
- महिलामाथिको हिंसा
- महिला र अर्थतन्त्र
- शक्ति र निर्णय कार्यमा महिला।

घ) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचानका सवालहरुको चर्चा गर्नुहोस।

→ पुरुष वा महिलाको पहिचानभन्दा फरक पहिचान भएका व्यक्तिहरुलाई यौनिक वा लैङ्गिक ~~अल्पसङ्ख्यक~~ अल्पसङ्ख्यक भनिन्छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचानका सवाल भनेको आफूलाई कुन लिङ्ग वा यौनिक समूहमा राख्ने भन्ने व्यक्तिगत प्रश्न, आफ्नो यौनिक रुचि, समाज र परिवारले ~~स्वीकार~~ स्वीकार्छ कि स्वीकार्दैन भन्ने सामाजिक सवाल, र आफ्नो पहिचान स्वीकार्ने वा लुकाउने आन्तरिक मानसिक सवालहरु हुन्। यी सवालहरुले उनीहरुको आत्म-पहिचान, मानसिक स्वास्थ्य, सामाजिक व्यवहार र कानुनी अधिकारसँग गहिरो सम्बन्ध राख्छन्। धेरै अवस्थामा, भेदभाव र सामाजिक अस्वीकृतिले पहिचान पत्ता ~~लाउ~~ लगाउन चुनौती थप्छ, तर खुला समाज, परिवारको समर्थन र कानुनी सुरक्षा भएमा अल्पसंख्यकले आफ्नो पहिचान सम्मानजनक तरिकाले कायम राख्न सक्छन्।

ङ.) 'नेपालमा महिलाहरु पछाडि पर्नुको कारण लैङ्गिक विभेद हो।' यस भनाइप्रति आफ्ना तर्कहरु प्रस्तुत गर्नुहोस।

→ नेपालमा महिलाहरु पछाडि पर्नुको कारण ~~का~~ लैङ्गिक विभेद हो। नेपालको सन्दर्भमा लैङ्गिक विभेद सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा विद्यमान (उपस्थित) छ। अझैपनि छोराछोरीको बीचमा भेदभाव कायम रहेको छ। ~~त्यसैगरी~~ धार्मिक वा सांस्कृतिक आँडमा गरिएका महिला प्रतिको भेदभावजन्य व्यवहार अहिले पनि अधिकांश ठाउँमा कायमै छ। त्यसैगरी सार्वजनिक सेवा र राजनीतिक प्रतिनिधित्वमा महिलाको सहभागिता अति नै कम छ। महिला असक्षम र पुरुष मात्र सक्षम भन्ने जस्ता सामाजिकीकरणको प्रक्रियाले लैङ्गिक विभेद सिर्जना गरेको हो। Patriarchal society, परम्परावादी सोच, शिक्षाको अवसरबाट महिलालाई वञ्चित ~~गरेकै कारण महिला पछि पर्नुका परेका हुन्~~ गरिनु, महिला सशक्तिकरण व्यापक र प्रभावकारी नहुनु महिला पछि पर्नुका प्रमुख कारणहरु हुन्। अत: महिलाहरुको संरक्षण स्वयम् हितका लागि राजनीतिक पहल नहुनु, ~~स्वयम् सरकारी स्तरमा कुनै निकाय नहुनु~~ आदि जस्ता कारणले ~~कारणहरुले~~ महिलाले सम्मानपूर्वक जीवनयापन गर्न नपाएको अवस्था छ। त्सर्थ लैङ्गिक विभेद नै सामाजिक असमानताको मूल कारण हो।

च.) जैविक र सामाजिक लिङ्गका भूमिकाहरू तालिकामा देखाउनुहोस्।

→ जैविक लिङ्गका भूमिकाहरू:

क.) शारीरिक तवरले महिला र पुरुषमा फरकपन ल्याउँछ।

ख.) मानवको पुस्तालाई निरन्तरता दिन्छ।

ग.) जैविक लिङ्गका प्रजनन स्वास्थ्यको बारेमा जानकारी प्रदान गर्छ।
(→ महिनावारी, गर्भधारण)

→ सामाजिक लिङ्गका भूमिकाहरू:

1) लिङ्गको आधारमा हुने व्यवहार र चिन्तनको निर्माण गर्छ।

2) समाजमा पुरुष, महिला र तेस्रो लिङ्गका व्यक्तिहरू बिचको भूमिका निर्धारण गर्छ।

3) समावेशीकरणको सिद्धान्तलाई सहज बनाउँछ।

छ.) लैङ्गिक सवालका विषयमध्ये कुनै एक विषयको अध्ययन गरी त्यसको व्याख्या गर्नुहोस्।

→ महिला अधिकारको सवाल

मानव भएका नाताले प्राप्त गर्ने सम्पूर्ण अधिकारहरूको साथै प्रकृतिले दिएको विशेष जिम्मेवारी उठाउनका लागि महिलालाई नभई नहुने कुराहरू महिला अधिकारभित्र पर्दछ। यसमा गर्भ धारण गर्न पाउने, सुरक्षित मातृत्व, तलब सहित सुत्केरी बिदा, स्तनपान गराउने अधिकार सहितको सम्मानित र मर्यादित जीवन पर्दछ।

नेपालको सन्दर्भमा महिलाविरुद्धको विभेद सामाजिक, सांस्कृतिक क्षेत्रमा विद्यमान छ। अझैपनि छोराछोरी बीचमा भेदभाव कायम रहेको छ। धार्मिक वा सांस्कृतिक आडमा गरिएका महिला प्रतिको भेदभावजन्य व्यवहार अहिले पनि अधिकांश ठाउँमा कायमै छ। महिला असक्षम र पुरुष मात्र सक्षम भन्ने जस्ता सामाजिकीकरणको प्रक्रियाले लैङ्गिक विभेद सिर्जना गरेको छ। Patriarchal society, परम्परावादी सोँच, शिक्षाको अवसरबाट महिलालाई वन्चित गरिनु, महिला सशक्तिकरण व्यापक र प्रभावकारी नहुनु महिला पछि पर्नुका प्रमुख कारणहरू हुन् भने यिनै समस्याहरू लैङ्गिक सवाल पनि हुन्।

अतः महिलामाथि हुने विभेद र शोषणको अन्त्य गर्ने, समतामूलक समाजको निर्माण गर्ने, समाजमा रहेका कुरीति र जडको अन्त्य गर्ने सामाजिक रूपान्तरण गर्न आवश्यक छ।

(3) लैङ्गिक समावेशिता

अभ्यास :

क.) लैङ्गिक समावेशीकरणका लागि भएका थप प्रयासहरू खोजी गरी उल्लेख गर्नुहोस्।

→ लैङ्गिक समावेशीकरणका लागि भएका थप प्रयासहरू यस प्रकार छन् :

1) नेपालमा विभिन्न पञ्चवर्षीय योजना मार्फत लैङ्गिक समानता, लैङ्गिक सशक्तिकरण र समावेशीतालाई जोड दिएको छ।

2) वि.सं. २०६३ मा संशोधित नागरिक सेवा ऐनले पिछडिएका सामाजिक समुहलाई ४५ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ।

3) महिलाको सशक्तिकरणका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको स्थापना भएको छ।

4) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले महिला समानता तथा सामाजिक समावेशीकरण एकाइ गठन गरेको छ राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख स्थानीय तहमा प्रमुख र उपप्रमुख फरक लिङ्गको हुनुपर्ने व्यवस्था संविधानमा रहेको छ।

5) नेपालले लैङ्गिक समानता, सामाजिक न्याय, समान व्यवहारका लागि अन्तर्राष्ट्रिय सम्झौताहरूमा प्रतिबद्धता जाहेर गरेको छ।

ख.) नेपालमा लैङ्गिक समावेशीकरणका प्रयासहरूका कारण आएका परिवर्तनहरूको चर्चा गर्दै आउँदा दिनमा के के गर्नुपर्ला सुझाव दिनुहोस्।

→ नेपालमा लैङ्गिक समावेशीकरणका प्रयासहरूका कारण आएका परिवर्तनहरू यस प्रकार रहेका छन् :-

1) राज्य सञ्चालनको मूलधारमा महिलाहरूको पहुँच र समावेशीतामा वृद्धि भएको छ।

2) महिला विरुद्ध हुने दाइजो प्रथा, छाउपडी, देउकी प्रथाजस्ता विसङ्गतिहरू न्यूनीकरण भएका छन्।

3) निर्णय निर्माण प्रक्रियाको हरेक चरणमा अल्पसङ्ख्यक, लैङ्गिक समुहलाई पनि सम्मिलित हुने अवसर बढेको छ।

4) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा अवसर प्रदान गरिएकाले उनीहरूको व्यक्तित्व पनि विकास भएको छ।

5) समतामूलक समाज बिस्तारै निर्माण हुँदै छ।

→ अबका दिनमा ~~लैङ्म~~ लैङ्गिक समावेशीकरणका प्रयासका समावेशिताका सवाल अन्तर्गत निम्न विषयमा ध्यान पुऱ्याउनु पर्छ :

- समतामूलक समावेशी सिद्धान्त अनुसार केवल आवश्यकता परेका र दमित वर्गलाई मात्र विशेष अधिकार प्रदान गर्न जरुरी छ।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका पक्षमा पनि सुधारात्मक प्रयासहरू निम्त्याउन जरुरी देखिन्छ।
- केन्द्रमा मात्र सीमित निकायहरूलाई दुर्गम क्षेत्रमा पनि महिलाको हकमा विस्तार गर्नुपर्छ।

ग.) लैङ्गिक समावेशीकरणको अवधारणा किन आवश्यक परेको हो ? कारण दिनुहोस्।

→ लैङ्गिक समावेशीकरणको अवधारणा निम्न कारणले गर्दा आवश्यक परेको हो :

1) महिलाका लागि कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता हुनु।
2) महिलाहरूको आर्थिक उत्पादनशीलता बढाउन र विकासमा महिलाको सहभागिता वृद्धि गराउने उद्देश्य भएकाले,
3) महिला र पुरुषबिच रहेको असमानता घटाउन समताको अवधारणा अनुसार अवसर प्रदान गर्नुपर्ने भएकाले,
4) सबै लिङ्ग र वर्गका व्यक्तिको संयुक्त प्रयासबाट समृद्ध र शान्त समाज स्थापना गर्ने पुगिन माग रहेकाले।

घ.) लैङ्गिक समावेशीकरणका चरणहरू उल्लेख गर्दै महिला सशक्तीकरणका उपायहरू लेख्नुहोस्।

→ लैङ्गिक समावेशीकरणका चरणहरू यस प्रकार रहेका छन् :-

क.) कल्याणकारी अवधारणा
ख.) विकासमा महिला
ग.) महिला र विकास
घ.) लैङ्गिकता र विकास

→ महिला सशक्तीकरणका उपायहरू :

- महिलाहरूलाई शिक्षा, अधिकार र रोजगारी प्रदान गर्ने।
- महिलाहरूको हक अधिकारबारे सचेत हुनु र संरक्षण गर्नु।
- सामाजिक कुरीति र विसङ्गतिको पूर्ण निवारण गर्नु।
- सामाजिक सचेतना, सहभागिता र समावेशितालाई महत्त्व दिनु।

ङ.) नेपालमा लैङ्गिक समावेशीकरणमा भएका प्रयासहरूको समीक्षा गर्नुहोस्।

→ नेपालमा समावेशीकरणको अवधारणा अनुरूप विद्यमान लैङ्गिक विभेदहरूको अन्त्य गरी लैङ्गिक समानता कायम गर्न विभिन्न प्रयासहरू भएका छन्। सरकारी पक्षबाट संवैधानिक कानुनी तथा नीतिगत प्रयासहरू भएका छन् भने गैरसरकारी क्षेत्रबाट पनि सचेतीकरण क्षमता विकासलगायतका विविध प्रयासहरू भएका छन्। लैङ्गिकतामा आधारित राजनीतिक, आर्थिक र सांस्कृतिक असमानता कम गरी लैङ्गिक समानता कायम गर्नका लागि राज्यस्तरबाट विभिन्न प्रयासहरू भएका छन् जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- छैटौं योजनामा पहिलोपटक विकास कार्यमा महिला सहभागिता प्रवर्धन गर्ने छुट्टै नीति तयार गरियो,
- निजामती सेवा, शिक्षक सेवा, सुरक्षा निकायलगायतका सेवामा समावेशी प्रतिस्पर्धाका लागि छुट्याइएका कोटा मध्ये 33 प्रतिशत कोटा महिलाका लागि आरक्षण गरिएको छ,
- पैतृक सम्पत्तिमा परिवारमा भएका छोरा र छोरीको समान हकको व्यवस्था छ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक समुदाय वा लिङ्गको हुनुपर्ने व्यवस्था गरिएको छ।
- सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था रहेको छ।

अन्त्यमा, महिला विकासको विषय महिलाको मात्र नभई सिंगो राष्ट्रकै सवाल हो। पहिलेको समय ~~समयमा~~ बिस्तारै महिलाहरू घरको भान्सादेखि खुला आकाशको यात्रा गर्दै छन्।

(४) अपाङ्गता र समावेशीकरण



१) तलका प्रश्नको उत्तर लेख।

क) अपाङ्गता भएका व्यक्ति र उनीहरूको सुविधाका लागि आफूले गर्नुपर्ने कर्तव्यका बारेमा आफ्नो धारणा प्रस्तुत गर्नुहोस्।

→ अपाङ्गता भएका व्यक्ति र उनीहरूको सुविधाका लागि हामीले ~~आफूले~~ गर्नुपर्ने कर्तव्यका बारेमा कर्तव्यहरू निम्न छन्:

- उनीहरूको आवश्यकता परिपूर्ति गर्न सक्दो प्रयास गर्नुपर्छ।
- उनीहरूलाई दया र सहानुभूतिभन्दा प्रेरणा र सहयोग प्रदान गर्नुपर्छ।
- विभिन्न सामाजिक कार्य र मेला सम्मेलनमा उनीहरूको उपस्थितिको सम्मान गर्नुपर्छ।
- अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिएको अधिकार र विशेष सेवासुविधाको संरक्षण हामीले सचेत भएर गर्नुपर्छ।
- अपाङ्ग व्यक्तिलाई विद्यालय, कार्यालय तथा सार्वजनिक स्थानमा सहजताका साथै सुविधा प्रदान गर्नुपर्छ।

ख) नेपालमा अपाङ्गतालाई कसरी वर्गीकरण गरिएको छ?

→ नेपालमा अशक्तताको गम्भीरताका आधारमा अपाङ्गतालाई ४ वर्गमा वर्गीकरण गरिएको छ। ~~ती यस प्रकार छन्:~~

क) पूर्ण अशक्त अपाङ्गता ख) अति अशक्त अपाङ्गता
ग) मध्यक अपाङ्गता घ) सामान्य अपाङ्गता

घ) अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने विभिन्न प्रकारका उदाहरणहरूको छोटो परिचय दिनुहोस्।

→ अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने ~~विभिन्न~~ प्रकारका उपकरणहरू यस प्रकार छन्:

१) वैशाखी र ह्वील चियर (wheel chair): हिँडनमा समस्या भएका व्यक्तिहरूले प्रयोग गर्दछन्।

२) चस्मा र हिँड्ने लट्ठी: दृष्टि कमजोर भएका व्यक्तिले प्रयोग गर्छन्।

३) Hearing Aids: श्रवण शक्ति कम भएका व्यक्तिले यसको प्रयोगबाट ध्वनि स्पष्ट सुन्ने गर्छन्।

४) Screen Reader: कुनै जानकारीलाई ध्वनिमा परिणत गरेर व्याख्या गर्छ।

५) सञ्चारका विद्युतीय उपकरणहरू: बोल्न अनि सुन्न नसक्ने व्यक्तिहरूलाई विभिन्न विद्युतीय उपकरणहरूको प्रयोग गरेर आवश्यक कुरा सिकाइन्छ।

ग.) अपाङ्गता भएका व्यक्तिलाई दया होइन सहयोग र सम्मानको खाँचो छ। यस प्रसङ्गमा आफ्ना विचारहरू समेटेर एक सम्पादकीय तयार पार्नुहोस्।

→ (सम्पादकीय)

गोरखा पत्र

'अपाङ्गता भएका व्यक्तिलाई सहयोग र सम्मानको खाँचो'

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याको कारण भौतिक, सामाजिक सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न र सामाजिक जीवनमा सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। हाम्रो समाजमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्। उनीहरूले विभिन्न प्रकारका व्यक्तिगत र सामाजिक समस्याहरू भोगिरहेका हुन्छन्। अपाङ्गता भएका व्यक्ति-लाई दया होइन सहयोग र सम्मानको खाँचो छ।

अपाङ्गता भएका व्यक्तिलाई अरूले 'बिचरा', तँ कसरी बाँच्छस्, बाआमापछि तँलाई कसले पाल्छ? जस्ता शब्दले अपाङ्गता व्यक्तिको मनोबल कमजोर हुन पुग्छ र बाँच्ने आशा मर्दछ। स्वयंम अपाङ्गता भएका व्यक्तिलाई अरूले दया गरेको मन पर्दैन। बरू प्रशंसा, सहयोग र सम्मान गर्दा उनीहरू उत्साहित हुन्छन् र उनीहरूको आत्मविश्वास पनि बढ्छ। अपाङ्गता भएका व्यक्तिमा पनि विभिन्न प्रतिभा र क्षमताहरू हुन सक्छन्। ती प्रतिभालाई बाहिर ल्याउन सहयोग गर्नुपर्छ।

मानिसलाई दया र माया पनि चाहिन्छ तर दया र माया सधैं अनि सबैबाट नपाउन सकिन्छ। काम गर्ने अवसर पाएमा जिन्दगीभर आत्मनिर्भर भई बाँच्न सकिन्छ। जहाँ चुनौती हुन्छन् त्यहाँ अवसर पनि हुन्छन्।

# (५) धार्मिक तथा क्षेत्रीय पहिचान

क.) तपाईंको आफ्नो धार्मिक पहिचान झल्कने संवाद वा लेख तयार पार्नुहोस्।

→ 'लेख'

गोरखा पत्र

'हाम्रो धर्म, हाम्रो पहिचान'

सन्ध्या खतिवडा

हिन्दु धर्मलाई सबैभन्दा पुरानो धर्म मानिन्छ। त्यसैले यसलाई सनातन धर्म पनि भनिन्छ। योग, प्राणायाम, ज्योतिषशास्त्र, हस्तरेखा तथा वास्तुशास्त्र जस्ता विज्ञान हिन्दु संस्कृतिका उपज मानिन्छन्। अर्काको उपकार धर्म हो र अर्कालाई दु:ख दिनु पाप हो भन्ने हिन्दु धर्मको मुल आदर्श हो।

वेद, गीता, पुराण, उपनिषद्, रामायण आदि हिन्दु धर्मका धार्मिक ग्रन्थहरू हुन्। यी ग्रन्थहरू एक पुस्ताबाट अर्को पुस्तामा मन्त्रोच्चारण र स्मृतिको सहयोगमा हस्तान्तरित हुँदै आएका थिए। यस धर्मअनुसार ३३ कोटी देवीदेवता हुन्छन् भन्ने मान्यता राखिन्छ। प्रकृतिमा भएका सबै चिजहरू एवम् सबै प्राणी र वनस्पति ईश्वरका अंश हुन् भन्ने मान्यता राखिन्छ। हिन्दुहरू गणेश, सूर्य, देवी, विष्णु, शिव, राम, कृष्णलगायतका देवी देवता मान्छन्। जनावर र वनस्पति, पहाड, समुद्र नदीलाई पनि ईश्वरका रूपमा पुजा आराधना गर्छन्।

हिन्दु देवी देवताको स्थापना गरिएका मन्दिरहरू हिन्दुहरूका धार्मिक स्थल हुन्। नेपालमा पशुपतिनाथ, मुक्तिनाथ, मनकामनालगायत सयौं तीर्थस्थलहरू रहेका छन्। हिन्दु धर्मावलम्बीहरूले जनैपुर्णिमा, दसैं, तिहार, शिवरात्री, रामनवमी, छठ लगायतका चाडपर्वहरू मनाउँछन्। हिन्दु धर्म धेरै समयदेखि चलिआएको धर्म हो जुन हाल सम्म चलिआएको छ। हिन्दु धर्मको विशेषता यस भित्रका विभिन्न आस्था र विश्वासका स्रोत हुन्।

ख.) नेपालका विभिन्न धर्मका साझा कुराहरू पहिचान गरी सूची तयार पार्नुहोस्।

→ नेपालका विभिन्न धर्मका साझा कुराहरू:-

- सत्कर्म र सत्धर्ममा विश्वास गर्ने,
- गरीबलाई दान दिनुपर्ने,
- लोभ नगर्ने, क्षमा गर्ने,
- प्रेम, दया, सदाचार, ईश्वरप्रति आस्थावान हुने।

ग.) नेपालको नक्सामा विभिन्न ठाउँमा बस्ने मुख्य मुख्य जातजातिहरूको बसोबासको क्षेत्र देखाउनुहोस्।

→ क्षेत्रफलको हिसाबले नेपाल विश्वको मध्यम आकारको मुलुक मानिन्छ। यद्यपि नेपाल विविधताले भरिपूर्ण छ। नेपालमा भौगोलिक, जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधता स्पष्ट देख्न पाइन्छ। यसर्थ नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो। क्षेत्री, ब्राह्मण, मगर, थारु, नेवार, मुसलमान, राई, गुरुङ जस्ता जातिहरू यहाँ बसोबास गर्छन्।

→ नेपालको विभिन्न ठाउँमा बस्ने मुख्य मुख्य जातजातिहरूको बसोबासको क्षेत्र निम्नानुसार रहेका छन्:

- बाहुन/क्षेत्री → गुल्मी, पर्वत, स्याङ्जा, चितवन, कास्की, मोरङ।
- मगर → गण्डकी अञ्चल र रुकुम रोल्पा।
- थारु → तराई प्रदेश र दाङ, सुर्खेत, चितवन जस्ता भित्री मधेसका जिल्लाहरूमा बसोबास गर्छन्।
- नेवार → मुल थलो काठमाण्डौं उपत्यका र अन्य सहरी क्षेत्रहरू।
- तामाङ → काठमाडौं उपत्यका लगायत मुख्य पहाडी क्षेत्रमा र सो वरिपरिका जिल्लाहरूमा।
- शेर्पा → मुख्य थलो सोलुखुम्बु भए पनि पूर्वमा ताप्लेजुङ देखि पश्चिममा सिन्धुपाल्चोकको हेलम्बुसम्म बसोबास गरेको पाइन्छ।
- लिम्बु → पूर्वको संखुवासभा, तेह्रथुम, धनकुटा, पाँचथर र इलाम।
- चेपाङ → मकवानपुर र चितवन।
- राउटे → मध्यपश्चिम र सुदूरपश्चिमका पहाडी जिल्लाहरू दैलेख, जाजरकोट, सुर्खेत, सल्यान र अछाम आदि जिल्लाहरूका जङ्गलमा।

घ.) नेपालमा मनाइने धर्महरूका सम्बन्धमा थप खोजी गरी एक लेख तयार पार्नुहोस्।

→ 'लेख'

गोरखा पत्र

'नेपालमा पाइने धर्महरू'

सन्ध्या खतिवडा

धर्मको अर्थ धारण गर्नु भन्ने हुन्छ। यसरी कुनै चालचलन, संस्कार, रीतिरिवाज आदि मान्यताको अवलम्बन गर्नु नै धर्म हो। धर्म प्रत्येक समुदाय वा सम्प्रदाय पिच्छे फरक हुन सक्छ। प्रत्येक धर्मको पालना फरक फरक तरिकाले गर्न सकिन्छ त्यसैगरी धर्मको मान्यता तथा सार पनि अलग-अलग हुन्छ।

नेपाल धार्मिक, सांस्कृतिक विविधता युक्त देश हो। प्राचीन कालदेखि नै नेपाल विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास गर्ने थलो हो। यहाँ हिन्दु, बौद्ध, ~~इस~~ इस्लाम लगायत विभिन्न धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको पाइन्छ। धर्म मान्ने मानिसको संख्याको आधारमा पनि क्रमशः हिन्दु, बौद्ध, मुस्लिम, किरात, क्रिस्चियन, जैन मान्ने मानिसहरू नेपालमा रहेको पाइन्छ। ८०% भन्दा बढी मानिसहरू हिन्दु र ९% मानिस बौद्ध धर्मावलम्बीहरू छन्। यी बाहेक इस्लाम, इसाई, किरात, शिख लगायत अन्य धर्मावलम्बीहरू पनि उत्तिकै स्वतन्त्र रूपमा रहेका छन्। ~~हिन्दु धर्मावलम्बी~~ यी विभिन्न धर्म मान्ने मानिसहरू नेपालमा बसोबास गर्ने भएपनि नेपालमा धार्मिक सहिष्णुता भने पाइन्छ।

यी धर्महरू समयअनुसार विभिन्न सम्प्रदाय तथा उप-सम्प्रदायमा परिमार्जित हुँदै गएको पाइन्छ। नेपाली समाजमा प्रकृति, पितृ तथा अदृश्य शक्तिको पूजा गर्ने प्रचलन पनि रहेको छ। सबै धर्मको आ-आफ्नो आस्था र विश्वास रहेको पाइन्छ।



## ६) (समतामूलक समाज) → Equity

अभ्यास

क) समतामूलक समाजको परिचय दिनुहोस्।

→ समतामूलक समाज भनेको यस्तो समाज हो जो समावेशी समाजभन्दा अझ एक स्तरमाथिको मानिन्छ। यस्तो समाजमा सबै नागरिकलाई समान पहुँचको व्यवस्था हुन्छ भने जात, जाति, लिङ्ग, वर्ण, आर्थिक अवस्था, शारीरिक अवस्था, सामाजिक तथा सांस्कृतिक अवस्थाका आधारमा भेदभाव गरिँदैन।

ख) समतामूलक समाज निर्माण गर्ने उपायहरू प्रस्तुत गर्नुहोस्।

→ समतामूलक समाज निर्माण गर्ने उपायहरू यसप्रकार रहेका छन् ÷

१.) वञ्चित सशक्तीकरण: समतामूलक समाज निर्माणका लागि पिछडिएका र अवसरबाट वञ्चित नागरिकहरूलाई सर्वसुलभ शिक्षा, साक्षरता, सिपमूलक तालिम, बिउबीजी पुँजीको उपलब्धता लगायतका सशक्तीकरण उपायहरू अवलम्बन गर्नुपर्छ।

२.) मूल प्रवाहीकरण: विकासमा सबैलाई अघि बढाउन समावेश गराउने।

३) हस्तक्षेपकारी नीति: कानुनको निर्माण गरेर व्यवस्था गर्ने।

४) रोजगारमूलक लक्षित कार्यक्रम: पिछडिएका क्षेत्र, जाति, लिङ्ग र आर्थिक पछौटेपन भएका वर्गका लागि रोजगारमूलक लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

५) सुशासन: समतामूलक समाज निर्माणका लागि सुशासन अनिवार्य सर्त हो।

६) समावेशीकरण: पछाडि परेका जातिहरूलाई अगाडि बढाउने विकासमा।

ग) नेपालमा समावेशीकरणका लागि भएका प्रयासहरूको समीक्षा गर्नुहोस्।

→ नेपालमा समावेशीकरणका लागि भएका थुप्रै प्रयासहरू हुँदै आइरहेका छन्। सरकारी पक्षबाट संवैधानिक कानुनी तथा नीतिगत प्रयासहरू भएका छन् भने गैरसरकारी क्षेत्रबाट पनि सचेतीकरण क्षमता विकास लगायतका विविध प्रयासहरू भएका छन्। छुवाछुत, देउकी, छाउपडी लगायतका कुप्रथाको अन्त्यका लागि कानुनी व्यवस्था र विशेष कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। साथै समावेशीकरणका लागि राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको हुने गरी निर्वाचन हुने व्यवस्था छ। सभामुख र उपसभामुखमा एक जना महिला हुनुपर्ने छ। महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग तथा

CamScanner

पिछडिएको क्षेत्रका लागी आरक्षणको व्यवस्था छ। यसरी नेपालमा समावेशीकरणको लागि विभिन्न कदम चालेको देखिन्छ।

छ) समतामूलक समाज निर्माणमा तपाईले खेल्न सक्ने भूमिकाको सूची तयार पार्नुहोस्।

→ समतामूलक समाज निर्माणमा मैले खेल्न सक्ने भूमिकाहरु यस प्रकार छन्:

१) पिछडिएका क्षेत्र, जाति, लिङ्ग र आर्थिक पछौटेपन भएका वर्गका लागि रोजगार-मूलक लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने,

२) अवसरबाट वञ्चित र पिछडिएका नागरिकहरुलाई सर्वसुलभ शिक्षा, साक्षरता, सिपमूलक तालिम, निर्व्याजी पुँजीको उपलब्धतालगायतका सशक्तीकरणका उपायहरु अवलम्बन गर्ने,

३) पिछडिएका मानिसहरुको राजनैतिक रुपमा मात्र नभई आधुनिक सिप र प्रविधिको ज्ञान दिएर आयआर्जनको कार्यमा बढी भन्दा बढी मात्रामा संलग्न गराई आत्मनिर्भर बनाउने,

४) पछाडिएका जाति, ~~लिङ्गलाई~~ वा समूहलाई आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकारहरुबाट सुसम्पन्न गराउने,

५) पिछडिएका जाति वा समुहहरुलाई विभिन्न किसिमका अवसरहरु प्रदान गर्ने साथै उनीहरुलाई सक्षम बनाउने आदि जस्ता कार्य गरेर मैले समतामूलक समाज निर्माणमा सहयोग पुर्‍याउन सक्छु।

ञ) नेपालको संविधानमा वैदेशिक रोजगार सम्बन्धि नीति

→ धारा ५१ (झ) श्रम र रोजगार सम्बन्धी नीति

५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्ने तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

६) वैदेशिक रोजगारीबाट आर्जित भएको पुँजी, सिप, प्रविधी र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने।